# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

कमलपोखरी, काठमाडौं

लोक सेवा आयोग सूचना तथा प्रकाशन शाखा

**सूचना नं.१०७९/०८१-८२, मिति २०८१/११/२३**

**नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प. तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरहको पदमा पदसंख्या संशोधनसहित दरखास्त आह्वान गरिएको सूचना।**

सम्मानित उच्च अदालत पाटनबाट रिट नं. ०८१-WO-१२३५ का सम्बन्धमा जारी भएका आदेश कार्यान्वयनको सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट थप माग प्राप्त भई आए बमोजिम संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गतको **नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरहको पदमा पदसंख्या थप सहित दरखास्त आह्वान गर्ने गरी** मिति २०८१/११/२२ मा देहायबमोजिम निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

क. नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको हकमा साविक माग पदमा प्राप्त थप माग समेत देहायबमोजिम पदसंख्या निर्धारण गरिएको छ।

**नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको साविक विज्ञापनमा थप गरी कायम भएको पदसंख्या**

| पदको विवरण | विज्ञापित पदको बढुवा सूचना नम्बर/विज्ञापन नम्बर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जेष्ठता र का.स.मु. द्वारा हुने बढुवा (बढुवा सूचना नं. १७०/०८१-८२) | खुला (१६७०१/०८१-८२) | महिला (१६७०२/०८१-८२) | आ.ज. (१६७०३/०८१-८२) | मधेशी (१६७०४/०८१-८२) | दलित (१६७०५/०८१-८२) | अपाङ्ग (१६७०६/०८१-८२) | पि.क्षे. (१६७०७/०८१-८२) |
| साविक विज्ञापित पद संख्या | २५ | ३२ | ९ | ७ | ५ | ३ | २ | १ |
| थप भएको पदसंख्या | १० | १४ | ३ | ३ | ३ | १ | ० | ० |
| **थप पश्चात् कायम हुन आएको कूल पदसंख्या** | ३५ | ४६ | १२ | १० | ८ | ४ | २ | १ |

ख. साविकमा दरखास्त दिने उम्मेदवारहरुको दरखास्तलाई कायमै राखी नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहतर्फ पद संख्या थप गरिएका समूहमा दरखास्त पेश गर्न चाहने उम्मेदवारहरुबाट आयोगको मिति २०८१/११/२१ मा प्रकाशित सूचना नं. १०७५/०८१-८२ (लेखा समूहमा पद संख्या थप गरिएको सूचना प्रकाशन भएको सूचना) को मितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा ३५ दिन र खुला तथा समावेशीतर्फका विज्ञापनको हकमा सोही मितिबाट २१ दिनभित्र दरखास्त आह्वान गरिएको छ।

ग. दरखास्त पेश गर्ने प्रयोजनका लागि उम्मेदवारको शैक्षिक योग्यता, उमेर, अनुभव लगायतका अन्य शर्तहरु साविक मिति २०८१/०८/२६ गतेको विज्ञापनमा उल्लेख भएबमोजिम नै हुनेछ।

घ. तोकिएको योग्यता पुरा गरेका उम्मेदवारहरुले मिति २०८१/११/२१ मा प्रकाशित सूचना बमोजिमको नेपाल प्रशासन सेवा, लेखा समूह र यस सूचना बमोजिमको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहमा तोकिएको म्यादभित्र एकसाथ थप दरखास्त पेश गर्न सक्नेछन्।